निर्णयहरु:-

१. आगलागीका घटनाहरु जनचेतनाको अभाव, परम्परागत सोच तथा लापरवाहीका कारणले घट्ने गरेको पाइएकोले यस सम्वन्धी व्यापकरुपमा जनचेतना फैलाउन गृह मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका निकायहरुले आ-आफ्ना मातहतका निकायहरुलाई निर्देशन दिने र जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लास्थित सबै सरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था, पत्रकार, नेपाल स्काउट आदिलाई परिचालन गरी आगलागी नियन्त्रण सचेतना कार्यक्रम जिल्ला भरी संचालन गर्ने ।

२. सुख्खा मौसममा आगलागीको कारणबाट धेरै ठूलो मात्रामा वनजंगलको नोक्सान भएको तथा उक्त आगोको प्रभावबाट नजिकका बस्तिहरुसमेत सखाप हुने गरेकोले बनमा लाग्ने डढेलो रोकथामका लागि बन तथा भू-संरक्षण मन्त्रालयले आफ्ना मातहतका निकायहरु परिचालन गरी डढेलो नियन्त्रणसम्वन्धी कानूनी कारवाही तथा जनचेतनाका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँने । वनमा लाग्ने आगलागीका लागि सम्वन्धित बन उपभोक्ता समितिलाई समेत जिम्मेवार बनाउने ।

३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नगरपालिकाहरुमा भएका वारुणयन्त्रहरु ठीक तथा दुरुस्त हालतमा राख्ने व्यवस्था मिलाउने । वारुणयन्त्र नभएका नगरपालिकाहरुमा तत्काल खरीद गर्ने व्यवस्था मिलाउन आवश्यक निर्देशन दिने ।

४. नेपाल रेडक्रस सोसाइटीले आगलागी पीडितहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत गैर खाद्य सामग्री उपलब्ध गराउने व्यवस्था प्रभावकारी तवरले मिलाउने ।

५. आगलागी नियन्त्रणमा थप प्रभावकारीता ल्याउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कम्तिमा एक गाँउ एक पोखरीको अभियानलाई तिव्रताका साथ कार्यान्वयन गर्ने ।

६. नेपाल रेडक्रस सोसाइटीले आफ्ना जिल्ला शाखा तथा मातहतका उपशाखाहरुमार्फत स्थानीय भाषामा आगलागी नियन्त्रणसम्वन्धी जनचेतना मूलक सन्देश निर्माण गरी ती सन्देशहरुको प्रकाशन तथा प्रशारण गर्न व्यवस्था तत्काल मिलाउने ।

नेपाल सरकार
गृह मन्त्रालय

७. आगलागीका घटना हुने वित्तिकै स्थानीयस्तरमा रहेका दमकल तथा सुरक्षा निकायहरु परिचालन गरी आगोलागी नियन्त्रणमा लिने तथा उक्त आगलागीबाट पीडित भएकाहरुका लागि तत्काल राहत उपलब्ध गराउन जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन दिने ।पीडितहरुलाई तत्कालै सम्वन्धित घटनास्थल मै राहत वितरण व्यवस्था मिलाउने ।

८. पीडितलाई बसोबासको व्यवस्थाका लागि मापदण्ड बमोजिमको काठ जिल्ला बन कार्यालयले तत्कालै उपलब्ध गराउने । स्थानीय निकाय तथा विभिन्न संघसंस्थाको सहयोग जुटाइ अस्थायी वसोवासको व्यवस्था मिलाउने ।

९. यस वर्षको मनसुनमा बाढी पहिरोबाट हुनसक्ने संभावित प्रकोपलाई मध्यनजर गरी समयमै आवश्यक पूर्वतयारीका लागि देहायबमोजिम गर्ने ।

(क) जल तथा मौसम विज्ञान विभागले सबै मूख्य नदीहरुमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने । बाढीको पूर्वानुमानको अध्यावधिक सूचना विभागले राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र र सम्बन्धित जिल्लाले जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ख) जल तथा मौसम विज्ञान विभागबाट प्रदान गरिने पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने गरी localized SMS को प्रविधिलाई अगाडि बढाउन नेटवर्क टावरसँग सम्पर्क भएका मोवाइल फोनको चलायमान डाटा आवश्यक हुने हुँदा सूचना तथा संचार मन्त्रालयमार्फत सबै दुर संचार सेवा प्रदायकलाई निर्देशनदिने ।

(ग) जल तथा मौसम विज्ञान विभागका लागि एउटा मौसमी राडारका लागि स्रोत उपलब्ध गराउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

(घ) जल तथा मौसम विज्ञान विभागले मौसमको विश्लेषण गरी हुन सक्ने संभवित विपद्को बारेमा नियमित बुलेटीन प्रकाशीत गरी राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र र संचार माध्यमलाई उपलब्ध गराउने ।

(ङ) जल उत्पन्न प्रकोप नियन्त्रण विभाग र सिंचाई विभागले बाढीको उच्च जोखिम भएको क्षेत्रमा मनसुन अगावै आवश्यक तटबन्ध निर्माण गरी बाढीको जोखिम न्यूनीकरण गर्ने । कुनै पनि बस्तीमा बाढी पस्न गएमा तत्काल त्यसलाई नियन्त्रणमा लिन आवश्यक स्रोत साधन र पूर्वतयारीको व्यवस्था गर्ने ।

नेपाल सरकार मन्त्रालय

(च) बाढी / पहिरो तथा डुवानको जोखिममा रहेका बस्तीहरु पहिचान गरी ति बस्तीमा बाढी पूर्वसूचना प्रणाली स्थापना गरी बाढीको जोखिम हुनु अगावै सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने गरी सबै जिल्ला दैवी प्रकोप उद्धार समितिले बाढी / पहिरो पूर्वतयारी तथा बस्ती स्थानान्तरण योजना (Evacuation Plan) तयार गरी राखे ।

(छ) भैतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सबै रणनीतिक राजमार्गहरुमा हेभी इक्वीपमेण्ट तैनाथ गरी तत्काल परिचालन हुने व्यवस्था मिलाउने ।

(ज) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तिनै वटा सुरक्षा निकायले आ-आफ्ना मातहतका सुरक्षा फैजलाई हेभी इक्वीपमेण्टसहितको आवश्यक न्यूनतम उद्धार सामग्री सहित खोज तथा उद्धार कार्यमा खटिन पूर्वतयारी योजना तयार गरी राखे ।

(झ) नेपाल रेडक्रस सोसाईटी तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले आ-आफ्नो मनसुन पूर्वतयारी योजना तयार गरी स्रोत र साधन सहितको विवरण १ महिना भित्र गृह मन्त्रालय राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रमा पेश गर्ने ।

(ञ) संयुक्त राष्ट्र संघअन्तर्गतको अन्तर्निकायगत समन्वय समिति (Interagency standing committee) को तर्फबाट मनसुन पूर्वतयारी योजना तयार गरी मानवीय संयोजनको कार्यालय (Humanitarian coordinator office) ले १ महिना भित्र गृह मन्त्रालयमा पेश गर्ने ।

(ट) प्रत्येक जिल्ला दैवी प्रकोप उद्धार समितिले आगामी मनसुनलाई मध्यनजर गरी सबै सरकारी तथा गैर सरकारी संघसंस्थासमेतको सहभागितामा मनसुन प्रतिकार्य पूर्वतयारी योजना तर्जुमा गरी १ महिना भित्र राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रमा पठाउने ।

(ठ) राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० बमोजिम प्रतिकार्य विषयगत क्षेत्रका जिम्मेवार सबै मन्त्रालयहरुले १ महिना भित्र आ-आफ्नो विषयगत क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय गरी विषयगत प्रतिकार्य योजना तयार गरी गृह मन्त्रालय राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रमा जानकारी दिने ।

(ड) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१/१२/१३ को निर्णयले "२०७१ श्रावण महिनामा आएको बाढी/पहिरो तथा डुवानका कारण बाँके, बर्दिया, सुर्खेत, दांग

नेपाल सरकार
गृह मन्त्रालय

र सिन्धुपाल्चोक जिल्लाका प्रभावित परिवारहरुको पुनर्स्थापना तथा क्षतिग्रस्त भौतिक संरचनाहरुको पुननिर्माण सम्वन्धि एकीकृत कार्य योजना स्वीकृति " गरेको सन्दर्भमा स्वीकृत निर्णय बमोजिम कार्य हुन नसकेको कारण पीडितहरुबाट हुने धर्ना, हडताल, घेराउजस्ता कार्यक्रमले शान्तिसुरक्षामा समेत असर पारेको भनि जिल्लाहरुबाट लेखि आएकोले आवश्यक बजेटको व्यवस्था गरी कार्य योजना बमोजिम तोकिएका निकायहरुबाट तोकिए बमोजिमका कार्यहरु सम्पादन गरी प्रगति विवरण पठाउन तत् तत् निकायहरुलाई निर्देशन दिने ।कार्य योजना बमोजिम सम्वन्धित मन्त्रालयलाई आवश्यक बजेट अर्थ मन्त्रालयले निकाशा दिने ।

(ढ) रासी नदीको निरन्तर कटानका कारण डुवानका पर्ने कचनापुर, फत्तेपुर र होलियालगायतका केही बस्तीहरु सधैको जोखिममा रहने भइ त्यस्ताबस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने भनी जिल्ला दैवी प्रकोप उद्धार समिति बाँकेको बैठकबाट पटकपटक निर्णय भइ अनुरोध भइ आएकोले सो सम्वन्धमा आवश्यक कार्य शहरी विकास मन्त्रालयले अगाडि बढाउने ।

(ण) केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा रहेको कोषबाट चालु आ.ब. २०७२/०७३ को मिति २०७२/०९/१५ देखि २०७३/०१/०२ सम्म भएको देहाय बमोजिमको खर्च रु ६,६२,८६,१३,०००(छ अर्ब बैसठ्ठी करोड छयासी लाख तेह्र हजार) समर्थन गर्ने ।

जिल्ला दैवी प्रकोप उद्धार कोषमा निकाशा रु ६,६२,४९,५०,०००।

| | |
|---|---|
| बैंक कमिशन खर्च | रु ३५,८९,८००। |
| विविध तलब पारिश्रमिक | रु ७३,२००। |
| जम्मा | रु ६,६२,८६,१३,०००। |

नेपाल सरकार
गृह मन्त्रालय